**सदस्य संघ**

**नेपाल पत्रकार महासंघ**
**अध्यक्ष**
निर्मला शर्मा
**महासचिव**
राम प्रसाद दाहाल

**नेपाल बार एसोसिएसन**
**अध्यक्ष**
वरिष्ठ अधिवक्ता प्रा.डा. विजय प्रसाद मिश्र
**महासचिव**
वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइराला

**नेपाल इन्जिनियर्स एशोसिएसन**
**अध्यक्ष**
इ. सुवास चन्द्र बराल
**महासचिव**
इ. विनोद प्रकाश पण्डित

**नेपाल चिकित्सक संघ**
**अध्यक्ष**
डा. अनिल विक्रम कार्की
**महासचिव**
डा. सञ्जीव तिवारी

**नेपाल शिक्षक महासंघ**
**अध्यक्ष**
श्री लक्ष्मी किशोर सूवेदी
**महासचिव**
श्री तुला बहादुर थापा

**नेपाल प्राध्यापक संघ**
**अध्यक्ष**
प्रा.डा. रमेश कुमार जोशी
**महासचिव**
सह. प्रा. नरेन्द्र सिवाकोटी


मिति: २०८२/०५/२७

श्री सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपति कार्यालय,
महाराजगञ्ज, काठमाडौं।

विषय: वर्तमान राष्ट्रिय संकटको निकास सम्बन्धमा।

सम्माननीयज्यू,

संवैधानिक सर्वोच्चता, विधिको शासन तथा लोकतान्त्रिक मूल्य-मान्यताको प्रवर्धन र संरक्षणमा क्रियाशील शान्ति र लोकतन्त्रका लागि पेशागत सञ्जाल (PAPAD) का हामी सदस्य संस्थाहरू (नेपाल चिकित्सक संघ, नेपाल शिक्षक महासंघ, नेपाल बार एसोसिएसन, नेपाल इन्जिनियर्स एशोसिएसन, नेपाल प्राध्यापक संघ, र नेपाल पत्रकार महासंघ) वर्तमान राष्ट्रिय संकट प्रति राष्ट्रपतिज्यूको गम्भीर ध्यानाकर्षण गराउँछौं। युवा पुस्ताको परिवर्तन, भ्रष्टाचारमुक्त सुशासन र राजनीतिमा पुस्तान्तरणको मागप्रति हाम्रो पूर्ण ऐक्यबद्धता छ।

आन्दोलनमा भएको घुसपैठले भएको धनजनको क्षतिप्रति हामी दुःखी छौं; मृतकप्रति श्रद्धाञ्जली र घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं। देशलाई गहिरो संकटतर्फ धकेलिरहेका राजनीतिक तथा संवैधानिक जटिलताहरूले लोकतन्त्र, गणतन्त्र र संघीयता जस्ता उपलब्धिहरूमाथि प्रश्नचिह्न खडा गर्ने जोखिम बढेको छ। संविधानको मर्मभित्रै समाधान खोजिनुपर्छ भन्ने हाम्रो दृढ मान्यता छ। युवा पुस्ताको माग सम्बोधन तथा लोकतन्त्रको रक्षाका लागि निम्न बमोजिम कदम चाल्न PAPAD आग्रह गर्दछ:

१. संविधान र संघीय संसद क्रियाशील रहेको, GenZ युवाहरूको माग संविधान वा व्यवस्था परिवर्तन नभएकोले, संवैधानिक संरचनाहरूको यथावत् क्रियाशीलताका लागि राष्ट्रपतिज्यूबाट संवैधानिक कर्तव्य निर्वाहका लागि हार्दिक अनुरोध गर्दछौं।

२. GenZ युवाहरूले सरकार परिवर्तन चाहेको र प्रक्रिया प्रारम्भ भइसकेकोले, GenZ युवाहरूको मागको मर्म र संविधानको मर्मअनुसार संवैधानिक वैधताको निरन्तरता कायम रहने गरी अविलम्ब राष्ट्रिय सरकार गठनको प्रक्रिया शीघ्र प्रारम्भ गर्न अपील गर्दछौं।

३. संवैधानिक सर्वोच्चता, विधिको शासन र स्वतन्त्र न्यायपालिकाका पक्षधर नागरिक संस्थाका रूपमा संवैधानिक वैधता, अन्तर्राष्ट्रिय सन्धि सम्झौता र लोकतान्त्रिक मूल्यमान्यता विपरीतका कुनै पनि प्रक्रिया हामीलाई मान्य नहुने र अन्यथा भएमा हामी प्रतिरोध गर्न बाध्य हुनेछौं।

४. देशमा व्याप्त अनिश्चितता अन्त्य गरी शासन व्यवस्था सुचारु र जनतामा विश्वास जगाउन संविधानको मर्मभित्र रही संवैधानिक प्रक्रियाबमोजिम यथाशीघ्र एक सक्षम राष्ट्रिय सरकार गठन गरियोस्।

५. लोकतन्त्र, गणतन्त्र, संघीयता, समानुपातिक समावेशी जस्ता दीर्घ संघर्षबाट प्राप्त र संविधानमा लिपिबद्ध मूलभूत उपलब्धिहरूमाथि कुनै पनि बहानामा सम्झौता गरिनु हुँदैन। यी राष्ट्रिय पहिचानका आधारस्तम्भको रक्षा राष्ट्रपतिज्यूबाट हुनेछ भन्ने PAPAD को विश्वास छ।

६. सुशासनयुक्त र भ्रष्टाचारमुक्त शासन व्यवस्था युवा पुस्ताको जायज माग हो। यो माग भूराजनीतिको चपेटामा परेमा देश अन्धकारतर्फ जानुका साथै सार्वभौमसत्तामा आँच आउने खतरा छ। तसर्थ, बाह्य शक्तिको चलखेल र गैरनागरिक सरकार गठनको खतराप्रति सजग रहन हार्दिक अनुरोध गर्दछौं।

७. वर्तमान सङ्कटको निकाशको लागि सरोकारवालाहरू सँग समन्वय र आवश्यक सहजीकरणको लागि हामी तत्पर रहेको समेत अवगत गराउदछौं ।

**सदस्य संघ**

**नेपाल पत्रकार महासंघ**
**अध्यक्ष**
निर्मला शर्मा
**महासचिव**
राम प्रसाद दाहाल

**नेपाल बार एसोसिएसन**
**अध्यक्ष**
वरिष्ठ अधिवक्ता प्रा.डा. विजय प्रसाद मिश्र
**महासचिव**
वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइराला

**नेपाल इन्जिनियर्स एशोसिएसन**
**अध्यक्ष**
इ. सुवास चन्द्र बराल
**महासचिव**
इ. विनोद प्रकाश पण्डित

**नेपाल चिकित्सक संघ**
**अध्यक्ष**
डा. अनिल विक्रम कार्की
**महासचिव**
डा. सञ्जीव तिवारी

**नेपाल शिक्षक महासंघ**
**अध्यक्ष**
श्री लक्ष्मी किशोर सूवेदी
**महासचिव**
श्री तुला बहादुर थापा

**नेपाल प्राध्यापक संघ**
**अध्यक्ष**
प्रा.डा. रमेश कुमार जोशी
**महासचिव**
सह. प्रा. नरेन्द्र सिवाकोटी

अतः, देशलाई गम्भीर संकटबाट जोगाउन, संविधानको रक्षा गर्न, गणतान्त्रिक संघीय समावेशी संविधानलाई जीवन्त राख्न र वर्तमान संकटको संवैधानिक निकासका लागि संवैधानिक अभिभावक र संरक्षकका रूपमा राष्ट्रपतिज्यूबाट तत्काल आवश्यक कदम चालियोस् भनी PAPAD हार्दिक अपील गर्दछ ।

धन्यवाद ज्ञापन सहित ।

| | | |
|---|---|---|
| ........................ | ........................ | ........................ |
| डा. अनिल विक्रम कार्की | श्री निर्मला शर्मा | व.अ. प्रा.डा. विजय प्रसाद मिश्र |
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| नेपाल चिकित्सक संघ | नेपाल पत्रकार महासंघ | नेपाल बार एसोसिएसन |
| ........................ | ........................ | ........................ |
| प्रा.डा. रमेश कुमार जोशी | श्री लक्ष्मी किशोर सुवेदी | इ. सुवास चन्द्र बराल |
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| नेपाल प्राध्यापक संघ | नेपाल शिक्षक महासंघ, | नेपाल इन्जिनियर्स एशोसिएसन |